कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADI, SINDHULI

visit Nepal 2020 Lifetime Experiences
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

प.सं.:- २०७६/०७७
च.नं. :- ६२६

मिति :- २०७७/०३/०३

**विषय: Flash I and II र School Census अन्तरगतको Electronic Based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन गर्ने सम्बन्धी सूचना ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
कमलामाई नगरपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा च.नं. २६१ मिति २०७७।२।२५ को शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक सूचना व्यवस्थापन शाखाको Flash I and II र School Census अन्तरगतको Electronic Based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन गर्ने सम्बन्धी अनुरोध भएकोमा कमलामाई नगरपालिका अन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले आ-आफ्नो विद्यालयको **शैक्षिक सत्र २०७७ को** विद्धुतीय "एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel Based को Electronic School Level EMIS)" file मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका निम्न तथ्याङ्क एवम् सूचनाहरुलाई Update (अद्यावदिक) गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal: iemis.doe.gov.np मा पठाउनुहुन अनुरोध छ ।

क. आ-आफ्ने विद्यालयको IEMIS File Update गर्दा Year Set २०७७ बनाउने ।

ख. शै.स. २०७६ को कक्षागत विद्यार्थीहरुको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहोर्‍याउने, कक्षा छाड्ने, वार्षिक हाजिरी दिन आदि विवरणहरु) अद्यावधिक गर्ने (कक्षा १० र १२ बाहेक अरु सबै कक्षा)

ग. शै.स. २०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरुको प्राप्ताङ्क विवरणको इन्ट्री र अद्यावधिक गर्ने,

घ. शै.स. २०७६ को कक्षागत छात्रवृत्ति विवरण अद्यावधिक गर्ने,

ङ. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकारका र तहका शिक्षकहरुको पूर्ण विवरण अद्यावधिक गर्ने,

च. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरुको पूर्ण विवरण अद्यावधिक गर्ने,

... ढुंगेल
नगर शिक्षा अधिकारी

छ. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकारको भौतिक विवरण अद्यावधिक गर्ने,

ज. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको विविधमा रहेको सबै विवरण अद्यावधिक गर्ने र

झ. आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन राम्रोसँग रुजु गर्ने र IMEIS File "Save" गरी राख्ने ।

- विद्यालयहरुले IMEIS File Upload गर्नु अगाडी **"यस विद्यालयको IMEIS File मा भरिएका सम्पूर्ण विवरणहरु विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रुपमा प्रस्तुत गरिएका छन् भनि प्रमाणित गर्दछौं । सोमा फरक परेमा मुलुकी अपराध आचार संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारबाही सहुँला बुझाउँला ।"** भन्ने व्यहोराको पत्र अनिवार्य रुपमा कमलामाई नगरपालिकामा पठाउनु पर्नेछ ।
- मिति २०७७/०३/१५ गते देखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal: iemis.doe.gov.np मा Upload गर्ने ।
- Computer र Internate सुविधा नभएका विद्यालयहरुले तथ्याङ्क/सूचनाको गोपनियता र सुरक्षाका लागि विद्यालयहरुले सकेसम्म Computer Institute जस्ता ठाउँमा IEMIS को कार्य नगराउनु हुनका साथै Computer र Internate सुविधा भएका नजिकको विद्यालयसँग समन्वय गरी विवरण भर्ने, IEMIS सम्बन्धी केही समस्या परेमा कमलामाई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सहजीकरणका लागि सम्पर्क गर्नुहोला ।

  **IEMIS सम्बन्धी विस्तृत जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal: iemis.doe.gov.np बाट पनि लिन सकिने छ ।**

**नोटः** नेपालमा पनि COVID - 19 को प्रकोप र जोखिम उच्च रहेकाले उपर्युक्त कार्यहरु गर्दा गराउँदा आवश्यक सुरक्षाका उपायहरु ( Mask, स्यानिटाइजर, साबुन पानी) अनिवार्य रुपमा अपनाउन हुन समेत अनुरोध छ ।

..............................

(शंकरराज लुईटेल)

नि.प्रमुख प्रशासकीय अधिकृत

कमलामाई नगरपालिका, सिन्धुली